सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली

## सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई नयाँ नियुक्ती भएका प्रदेश निजामती सेवा/स्थानीय सेवाका कर्मचारीको वैयक्तिक विवरण फाराम (सिटरोल) भर्ने सम्बन्धी सूचना

१. सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/११/२८ को निर्णयानुसार प्रदेश किताबखाना स्थापना नभएसम्म वा अन्य कानूनी व्यवस्था नभएसम्मका लागि अन्तरिम व्यवस्थापन अन्तरगत प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशबाट सिफारिश भई प्रदेश वा स्थानीय तहमा नयाँ नियुक्ति भएका कर्मचारीको वैयक्तिक विवरण फाराम (सिटरोल) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको **कर्मचारी अभिलेख शाखाले** संकलन गरी **अस्थायी संकेत नम्बर** प्रदान गर्ने निर्णय भएकाले प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशबाट सिफारिश भई प्रदेश वा स्थानीय तहमा नयाँ नियुक्ति भएका कर्मचारीहरुले यसैसाथ संलग्न ढाँचाको ३ प्रति सिटरोल फाराम (नेपाली कागजमा प्रिन्ट भएको हुनुपर्ने) भरी सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराई आवश्यक कागजातहरूको प्रमाणित प्रतिलिपीसमेत संलग्न राखी यस कार्यालयको कर्मचारी अभिलेख शाखामा बुझाउनहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

राष्ट्रिय किताबखाना (निजामती) ले एकीकृत कर्मचारी अभिलेख प्रणालीको सफ्टवेयर प्रदेशस्तरबाट कार्यान्वयनका लागि SUPER ADMIN USER र PASSWORD उपलब्ध गराएमा सोही प्रणाली मार्फत सिर्जना हुने संकेत नम्वरलाई स्थायी संकेत नम्वर कायम गर्ने वा कानूनबमोजिम अन्य व्यवस्था भइआएमा सोहीबमोजिम गर्ने र स्थायी संकेत नम्बर प्राप्त नभएसम्मका लागि यसरी प्रदान गरिएको अस्थायी संकेत नम्बरलाई नै आधार मानी सम्बन्धित निकायले तलबी प्रतिवेदन स्वीकृत गर्ने लगायतका कार्यहरु गर्ने भन्ने निर्णय भएको व्यहोरासमेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२. सिटरोल फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरु:

(१) शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि (सेवा प्रवेश गर्नु पूर्वको उमेर खुलेको शैक्षिक योग्यता र नागरिकता हुनुपर्ने) ।
(२) सम्बन्धित कार्यालयबाट सिटरोल दर्ता गरी प्रमाणित गरी दिने भन्ने व्यहोराको पत्र।
(३) कार्यालयमा सुरु स्थायी नियुक्ति हुँदाको हाजिरी भएको जानकारी पत्र ।
(४) स्थायी नियुक्ति हुँदा पेश गरेको निरोगिता र शपथ ग्रहणको प्रमाणित प्रतिलिपि ।
(५) सुदूरपश्चिम प्रदेश लोकसेवा आयोगको सिफारिस पत्रको सक्कलै वा प्रमाणित प्रतिलिपि ।
(६) यस अघि सरकारी सेवामा रही स्थायी पदमा काम गरेको भए सो को विवरण स्पष्टसँग उल्लेख गरी तत्सम्बन्धी कागजातहरूको प्रमाणित प्रतिलिपि ।
(७) तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र अन्य कागजातहरुको प्रतिलिपि ।

३. साथै, यसरी प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशबाट सिफारिश भई प्रदेश वा स्थानीय तहमा नयाँ नियुक्ति भएका कर्मचारीहरुले सिटरोल फाराम बुझाउन आउनुपूर्व यस कार्यालयको वेवसाइट http://ocmcm.sudurpashchim.gov.np/ मा रहेको **कर्मचारी व्यवस्थापन प्रणाली** मेनु भित्रको **पि.आइ.एस.** सब-मेनुमा गई सोमा रहेको **गुगल सीट डाटा इन्ट्री** लिंकमार्फत आफ्नो व्यक्तिगत विवरण प्रविष्ट गर्नुका साथै तोकिएका आवश्यक कागजपत्रहरू समेत अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ। उक्त विवरण र कागजपत्रहरू कर्मचारी अभिलेख शाखाले सिटरोल दर्ता गर्ने क्रममा रुजु गर्नेछ।

४. कर्मचारीको वैयक्तिक विवरण फाराम (सिटरोल) भर्ने सम्बन्धमा कुनै द्विविधा भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्मचारी अभिलेख शाखा, धनगढी, कैलालीमा सम्पर्क गर्न सकिनेछ।

उप-सचिव